केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/१३/०७३/७४ मिति: २०७३/१०/२५

**इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट "क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन २०७३ इ.प्रा. निर्देशन नं. १७/०७३ को बुँदा १७ र सोसँग सम्बन्धित ने.रा.बैंक निर्देशन फा.नं. १७.२ तथा १७.३ लाई खारेज गरी देहाय बमोजिमको बुँदा नं. १७ र ने.रा.बैंक निर्देशन फा.नं. १७.२ कायम गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

**१७. तोकिएका उत्पादनशील क्षेत्र कर्जा सम्बन्धी व्यवस्था**

**(१) न्यूनतम कर्जा प्रवाह :**

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले तोकिएका उत्पादनशील क्षेत्रमा आफ्नो कुल कर्जा तथा सापटको न्युनतम क्रमश: २० प्रतिशत, १५ प्रतिशत र १० प्रतिशत कर्जा प्रवाह गर्नु पर्नेछ । "क" वर्गको वाणिज्य बैंकहरुले यसमध्ये कृषि र उर्जा क्षेत्रमा कुल कर्जा लगानीको न्युनतम १५ प्रतिशत कर्जा प्रवाह गर्नु पर्नेछ ।

**(२) अनुगमन तथा हर्जाना :**

(क) यस व्यवस्था अनुसार कर्जा प्रवाह नगरेमा वा कम प्रवाह गरेमा न्यूनतम रुपमा पुऱ्याउनु पर्ने रकममा हुन आउने नपुग रकममा २०७४ असार मसान्तदेखि नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८१ बमोजिम सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले सो गणना अवधिमा कर्जामा लिने अधिकतम ब्याजदरले हुने रकम हर्जाना लगाइनेछ । यसरी हर्जाना लगाउँदा त्यस्तो नपुग रकमको त्रैमासिक रुपमा हुन आउने ब्याज रकम निर्धारण गरी सोही बराबरको रकम हर्जाना कायम गरिनेछ ।

(ख) "क" वर्गका वाणिज्य बैंकहरुका हकमा उत्पादनशील क्षेत्र वा सो मध्येको कृषि तथा उर्जा क्षेत्र दुबैमा कम कर्जा प्रवाह भएमा दोहोरो नपर्ने गरी जुनमा बढी हर्जाना लाग्दछ सोही बमोजिम हर्जाना रकम गणना गरिनेछ ।

(ग) उत्पादनशील क्षेत्रमा प्रवाह गरिने कर्जा गणना गर्दा ६ महिना अघिको कुल बाँकी कर्जा तथा सापट (बिल्स खरिद तथा डिस्काउण्ट सहित) को आधारमा प्रत्येक त्रयमासमा अर्थात् असोज, पुस, चैत र असार मसान्तमा गरिनेछ ।

(घ) यस निर्देशन बमोजिम उत्पादनशील क्षेत्रमा प्रवाह गरिने कर्जाको मासिक विवरण महिना समाप्त भएको १५ दिनभित्र ने.रा.बैंक निर्देशन फा.नं.१७.१ अनुरुपको ढाँचामा र २०७४ असार मसान्तदेखि त्रैमासिक विवरण त्रैमासिक अवधि समाप्त भएको एक महिनाभित्र ने.रा.बैंक निर्देशन फा.नं.१७.२ अनुरुपको ढाँचामा बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

**स्पष्टीकरण:**

*(१) 'उत्पादनशील क्षेत्र' भन्नाले कृषि, उर्जा, पर्यटन क्षेत्र र घरेलु तथा साना उद्योगलाई जनाउँछ ।*

*(२) 'कृषि क्षेत्र' भन्नाले (क) अन्न, तरकारी तथा अन्य नगदे वाली, (ख) चिया/कफी, सुर्ति, सनपाट, फलफुल तथा पुष्प खेती, (ग) पशु, पंक्षी तथा माहुरी पालन, (घ) मलखाद तथा किटनाशक, (ङ) शीत भण्डारण, (च) सिँचाई, (छ) वन, (ज) पशु वा पन्छी वधशाला (झ) अन्य कृषि तथा कृषि जन्य सेवाहरु (ञ) माछापालन, (यस बैंकबाट जारी ने. रा. बैंक निर्देशन फा.नं. ३.१ को क्र.सं. १ र २ बमोजिमको) क्षेत्रहरुलाई जनाउने छ । त्यसैगरी कृषि क्षेत्र अन्तर्गत (क) कृषि औजार, (ख) मल, (ग) विउ-विजन, (घ) पशुपंक्षी-दाना, (ङ) कृषि उत्पादन भण्डारण र (च) चिया, कफी, अदुवा र फलफुल प्रशोधन तथा आन्तरिक कृषि उपजको प्राथमिक रुपमा हुने प्रशोधन समेत पर्नेछ ।*

*(३) 'उर्जा क्षेत्र' भन्नाले जलविद्युत र नविकरणीय उर्जा सम्बन्धी (यस बैंकबाट जारी ने. रा. बैंक निर्देशन फा.नं. ३.१ को क्र.सं. ७.१ बमोजिमको) क्षेत्रहरुलाई मात्र जनाउने छ ।*

*(४) पर्यटन क्षेत्र' भन्नाले (क) ट्रेकिङ्ग, ट्राभल एजेन्सी, पर्वतारोहण, रिसोर्ट, र्‍याफ्टिङ्ग, क्याम्पिङ्ग, आदि, (ख) होटल, (ग) मनोरंजन, रिक्रिएसन, चलचित्र सम्बन्धी (यस बैंकबाट जारी ने. रा. बैंक निर्देशन फा.नं. ३.१ को क्र.सं. १२ बमोजिमको) र (घ) काठमाडौं उपत्यका, विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा, भैरहवा, नेपालगञ्ज र धनगढीमा सार्वजनिक सहरी यातायात सेवा संचालन गर्ने संगठित संस्थालाई प्रवाहित कर्जा ।*

*(५) 'घरेलु तथा साना उद्योग' भन्नाले औद्योगिक व्यवसाय ऐन, २०७३ को अनुसूची-२ मा उल्लिखित घरेलु उद्योगहरु र दश करोड रुपैयासम्म स्थिर पूँजी भएका साना उद्योगहरु मात्र पर्नेछन् । तर, कृषि, उर्जा र पर्यटन क्षेत्रमा परेका उद्योगहरुलाई दोहोरो पर्ने गरी घरेलु तथा साना उद्योग अन्तर्गत राख्न पाइने छैन ।*

(३) तोकिएका उत्पादनशील क्षेत्र कर्जा सम्वन्धी व्यवस्थाको प्रयोजनका लागि बैंक तथा वित्तीय संस्थाहरुले स्वीकृत गरेको कुल कर्जा सीमालाई नै प्रवाहित कर्जाको रुपमा गणना गर्न सक्नेछन् ।

भवदीय,

२०७३।१०।२५

(नारायणप्रसाद पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ :**

(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
(३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाण्डौ ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(९) श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
(१०) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
(११) श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली, काठमाण्डौ ।
(१२) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौ ।
(१३) श्री नेपाल वित्तीय संस्था संघ, तिनकुने, काठमाण्डौ ।
(१४) श्री कर्जा सुचना केन्द्र, हेरिटेजप्लाजा, काठमाण्डौ ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३


# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

ने.रा.बैंक निर्देशन फा.नं. १७.२

........................................ लिमिटेड

उत्पादनशील (कृषि, उर्जा, पर्यटन, घरेलु तथा साना उद्योगतर्फ) क्षेत्र कर्जा लगानी

मिति ........ मा समाप्त त्रयमासको विवरण

*(रु. दश लाखमा)*

| क्र.सं. | विवरण | यस त्रयमास | | | | गत त्रयमास | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम (रु.) | | प्रतिशत | | रकम (रु.) | | प्रतिशत | |
| | | कर्जा सीमा | कर्जा प्रवाह | कर्जा सीमामा | कर्जा प्रवाहमा | कर्जा सीमा | कर्जा प्रवाह | कर्जा सीमामा | कर्जा प्रवाहमा |
| १ | कृषि | | | | | | | | |
| २ | उर्जा | | | | | | | | |
| ३ | पर्यटन | | | | | | | | |
| ४ | घरेलु तथा साना उद्योग | | | | | | | | |
| | **जम्मा (१+२+३+४)** | | | | | | | | |
| | **संस्थाको कुल कर्जा लगानी रकम** | | | | | | | | |